रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

## रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :७ संख्या : १४ मिति : २०८०/०७/१५

## भाग २

## रंगेली नगरपालिका

रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ बमोजिम कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ ।

## रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी (दोस्रो संशोधन), २०८०

नगरकार्यपालिका बाट स्वीकृत मितिः २०८०/०६/२८

# रंगेली अस्पतालमा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी (दोस्रो संशोधन), २०८०

**प्रस्तावनाः** रंगेली अस्पतालमा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले रंगेली नगरपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाबाट रंगेली अस्पतालमा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी संशोधन गरी जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " रंगेली अस्पतालमा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी (दोस्रो संशोधन), २०८०" रहेको छ ।

(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

२. **रंगेली अस्पतालमा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७७ मा संशोधनः**

(१) रंगेली अस्पतालमा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७७ को दफा ६ मा देहाय बमोजिम संशोधन गरिएको छ।

माग पद संख्याका आधारमा कर्मचारी छनौट गर्न र अन्तर्वाता समेत लिई सिफारिस गर्न देहायको पदपूर्ति समिति रहनेछः

| हालको व्यवस्था | संशोधन पछिको व्यवस्था | कारण |
|---|---|---|
| क) अस्पताल प्रमुख, रंगेली अस्पताल - संयोजक<br>ख) स्वास्थ्य शाखा प्रमुख, रंगेली नगरपालिका - सदस्य<br>ग) अस्पताल प्रशासन शाखा प्रमुख - सदस्य | क) प्रमुख प्रशासकीय अधिकृत, रंगेली नगरपालिका- संयोजक<br>ख) मेडिकल सुपरिटेण्डेन्ट, रंगेली अस्पताल - सदस्य<br>ग) प्रशासन शाखा प्रमुख, रंगेली अस्पताल -सदस्य | रंगेली नगरपालिका मातहतको अस्पताल भएकोले प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा परिक्षा संचालन गराउन उपसुक्त हुने |

आज्ञाले

श्री ओमकार प्रसाद न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत